# सहकारी संघसंस्था निरीक्षण तथा अनुगमन सम्वन्धी कार्यविधि
# २०७८

सूर्योदय नगरपालिका

सूर्योदय नगरपालिकाको कार्यालय, फिक्कल, ईलाम

*कार्यपालिकाबाट स्वीकृत मितिः २०७८/१०/२८ गते*

**प्रस्तावनाः**

नगरपालिकाको क्षेत्राधिकार भित्र संचालित सहकारी संघसंस्थाहरुमा सुशासन एवम् पारदर्शिता कायम गरी गुणात्मक सदस्य सेवा प्रवाह गर्न बान्छनीय भएकोले सहकारी अनुगमन तथा निरीक्षण व्यवस्थालाई थप प्रभावकारी बनाउन नेपालको संविधानको धारा २२६, सहकारी ऐन, २०७४ को दफा २१, २८, २९ र १५१, सूर्योदय नगरपालिकावाट जारी सहकारी ऐन, २०७५ को दफा ४८ र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी सूर्योदय नगरपालिका कार्यकारिणी समितिले यो **सहकारी संघसंस्था निरीक्षण तथा अनुगमन सम्वन्धी कार्यविधि, २०७८** तर्जुमा गरी लागू गरेको छ ।

**परिच्छेद–१**

**नाम र परिभाषा**

**१. संक्षिप्त नाम :**

१.१ यो कार्यविधिको नाम **"सहकारी संघसंस्था निरीक्षण तथा अनुगमन सम्वन्धी कार्यविधि, २०७८"** रहनेछ ।

१.२ यो कार्यविधि नगरपालिका कार्यकारिणी समितिले स्वीकृत गरेको मिति देखि लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अको अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **"सहकारी संस्था"** भन्नाले संघीय सहकारी ऐन, २०७४ वा प्रदेश सहकारी ऐन वा स्थानीय तहवाट जारी सहकारी ऐन अन्तरगत दर्ता भएका सहकारी संस्थालाई जनाउनेछ ।

(ख) **"निरीक्षण"** भन्नाले अधिकार प्राप्त नियामक निकाय वा कार्यालयका पदाधिकारी तथा कर्मचारीवाट स्थलगत जाँच गरी सहकारी संघसंस्थाहरुले आफ्नो उद्धेश्य बमोजिम काम सम्पन्न गरेको छ, छैन भनी हेर्ने र जाँचबुझ गर्ने कार्य सम्झनु पर्दछ ।

(ग) **"अनुगमन"** भन्नाले सहकारी संघसंस्थाको बचत संकलन, ऋण लगानी, बस्तु तथा सेवाको उत्पादन, प्रशोधन, वितरण तथा खरिदबिक्री लगायतका कारोवारसँग सम्वन्धित विवरणहरु संकलन गरी सूचना राख्ने, अद्यावधिक र आवश्यकता अनुसार तुलना तथा रुजू गर्ने काम सम्झनु पर्दछ ।

(घ) **"ऐन"** भन्नाले संघीय सहकारी ऐन, प्रादेशिक सहकारी ऐन तथा स्थानीय तहको सहकारी ऐन समेत सम्झनु पर्नेछ ।

(ङ) **“नियमावली”** भन्नाले संघीय, प्रादेशिक र स्थानीय सरकारवाट जारी सहकारी नियमावली सम्झनु पर्नेछ ।

(च) **“रजिष्ट्रार”** भन्नाले सहकारी बिभागका रजिष्ट्रार वा निजबाट अधिकार प्राप्त अधिकारीलाई सम्झनुपर्दछ ।

(छ) **“विनियम”** भन्नाले सहकारी संघसंस्था संचालन सम्वन्धी विधान भन्ने सम्झनु पर्दछ ।

(ज) **“नगरपालिका”** भन्नाले सूर्योदय नगरपालिका बुझ्नु पर्दछ ।

(झ) **“प्रमुख”** भन्नाले सूर्योदय नगरपालिका प्रमुख सम्झनु पर्दछ ।

(ञ) **“प्रमुख प्रशासकीय अधिकृत”** भन्नाले सूर्योदय नगरपालिका प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(ट) **“कार्यकारिणी समिति”** भन्नाले सूर्योदय नगरपालिकाको कार्यकारिणी समितिलाई जनाउँदछ ।

(ठ) **“आर्थिक बर्ष”** भन्नाले श्रावण १ गते देखि आषाढ मसान्त सम्मको अवधिलाई बुझाउँदछ ।

(ड) **“अधिकार प्राप्त अधिकारी”** भन्नाले सहकारी ऐन तथा सहकारी नियमावली अनुसार तोकिए बमोजिमको अधिकार प्राप्त अधिकारी सम्झनु पर्दछ । यो शब्दले कायम मुकाम वा निमित्त भई काम गर्ने अधिकारी समेतलाई जनाउंदछ ।

(ढ) **“स्थानीय सरकार”** भन्नाले स्थानीय गाउँपालिका वा नगरपालिकाको क्षेत्राधिकार भित्र संचालित सरकार भन्ने बुझ्नु पर्दछ ।

(ण) **“जायजेथा”** भन्नाले सहकारी संघसंस्थाको पछिल्लो आर्थिक बर्षको लेखापरीक्षण गरिएको वासलातमा उल्लेखित कूल सम्पत्ति सम्झनु पर्दछ ।

(त) **“एकिकृत ब्यवस्थापन सूचना प्रणाली”** भन्नाले संघीय सहकारी विभागद्वारा स्थापित सहकारी तथा गरिवी सम्वन्धी ब्यवस्थापन सूचना प्रणाली (COPOMIS) सम्झनु पर्दछ ।

(थ) **“अनुगमन निरीक्षण टोली”** भन्नाले सहकारी ऐन तथा नियमावली बमोजिम गठन गरिएको अनुगमन निरीक्षण टोली सम्झनु पर्दछ । यो शब्दले नियमानुसार गठित संयुक्त अनुगमन टोलीलाई समेत बुझाउँदछ ।

## परिच्छेद – २

## सहकारी संघसंस्था निरीक्षण तथा अनुगमनका आधार

**३. निरीक्षण तथा अनुगमनका आधारः** (१) नियामक निकायका अधिकार प्राप्त अधिकारीले मातहतका सहकारी संघसंस्था निरीक्षण तथा अनुगमन गर्दा देहाय बमोजिमका कानूनी, नीतिगत र संस्थागत आधारहरुको प्रयोग गर्नु पर्नेछः:

(क) नेपालको संविधान, प्रचलित ऐनकानून, नीति, आवधिक योजना र बार्षिक कार्यक्रम ।

(ख) संघ, प्रदेश र स्थानीय तहबाट जारी सहकारी नीति, ऐन, नियमावली, दिग्दर्शन, मापदण्ड, निर्देशिका र कार्यविधि ।

(ग) सहकारीको प्रचलित मूल्यमान्यता र अन्तर्राष्ट्रिय सहकारी सिद्धान्त ।

(घ) सम्बन्धित संघसंस्थाको विनियम, नीति, नियम, निर्देशिका र कार्यविधि ।

(ङ) सम्बन्धित संघसंस्थाको लेखापरीक्षण प्रतिवेदन ।

(च) सम्बन्धित संघसंस्थाको चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन ।

(छ) सम्बन्धित संघसंस्थाको वार्षिक कार्यक्रम र बजेट ।

(ज) संघीय सहकारी विभाग, प्रादेशिक र स्थानीय तहबाट भएका पूर्व निरीक्षण अनुगमन प्रतिवेदन र सुझाव तथा कैफियत ।

(झ)सम्बन्धित संघसंस्थाको लेखा तथा सुपरीवेक्षण समितिको प्रतिवेदन ।

(ञ) सम्बन्धित संघसंस्थाको बार्षिक साधारणसभाको निर्णय तथा प्रतिवेदन ।

(ट) सम्बन्धित संघसंस्थाको संचालक समिति तथा अन्य समिति/उपसमितिको निर्णय ।

(ठ) सम्पत्ति शुद्धीकरण निवारण कानूनमा उल्लेखित प्रावधानहरु ।

(ड) संस्थाको कारोवारको सिलसिलामा सान्दर्भिक अन्य कुराहरु ।

(२) उपदफा (१) मा उल्लेखित निरीक्षण अनुगमनका आधारहरुको साथै अन्य आधार र सूचकहरु भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय/सहकारी विभाग, सम्वन्धित प्रादेशिक र स्थानीय सरकारबाट तोके बमोजिम हुनेछ ।

**४. स्थलगत निरीक्षण अनुगमनको विषयबस्तुः** (१) निरीक्षण वा अनुगमनकर्ताले अन्य कुराको अतिरिक्त देहायको विषयवस्तुमा विशेष ध्यान दिएर चेकजाँच गर्नुपर्दछ :

(क) दर्ता अनुमति पालना,

(ख) संचालन पद्धतिको पालना,

(ग) हिसाव खाताको अद्यावधीकरण,

(घ) सदस्य सेवाको गुणस्तर,

(ङ) नगद व्यवस्थापन,

(च) संस्थाको कार्यप्रकृति विशेषका सरोकार ।

(२) उल्लेखित विषयबस्तुको साथै निरीक्षण तथा अनुगमनकर्ताले अनुसूची (१) बमोजिमको फारम उपयोग गर्न सक्नेछ ।

**५. सघन अनुगमनको विषयबस्तु:** (१) बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाको स्थलगत सघन अनुगमन गर्दा अन्य कुराको अतिरिक्त देहायको विषयवस्तुमा विशेष ध्यान दिएर चेकजाँच गर्नुपर्नेछ :

(क) आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता,

(ख) आर्थिक कारोवारमा नियमितता,

(ग) हिसाव खाताको अद्यावधीकरण,

(घ) लेखापालकीय निर्धारकको अवलम्बन,

(ङ) वित्तीय व्यवस्थापन र मापदण्डको पालना,

(च) सदस्य केन्द्रीयताको स्तर,

(छ) विधिको पालनामा सुधार पहल,

(ज) संस्थाको कार्यप्रकृति विशेषका सरोकार ।

(२) उल्लेखित विषयबस्तुको साथै अनुगमनकर्ताले अनुसूची (१) बमोजिमको फारम प्रयोग गर्न सक्नेछ ।

**६. निरीक्षण वा अनुगमन टोलीको गठन:** (१) नियमनकारी निकायको प्रमुखबाट एक जना अधिकृतको नेतृत्वमा बढीमा तीन सदस्यीय निरीक्षण तथा अनुगमन टोली गठन गरिनेछ ।

(२) उपदफा (१)मा जुनसुकै कुरा लेखिएको भएपनि कार्यालय प्रमुखले टोलीको नेतृत्व गर्न बाधापर्ने छैन ।

(३) सामान्यतया: तीन करोड भन्दा कम जायजेथा भएका संस्थाको निरीक्षण तथा अनुगमनको लागि टोली गठन गरिने छैन । यसको लागि अधिकार प्राप्त अधिकारीलाई व्यक्तिगत रुपमा निरीक्षण तथा अनुगमनकर्ता तोक्न सकिनेछ ।

(४) नियामक निकायको प्रमुखले आवश्यकता अनुसार संस्था निरीक्षण तथा अनुगमनको लागि एक जना व्यक्तिलाई पनि खटाउन सक्नेछ ।

**७. निरीक्षण तथा अनुगमनको लागि समय सीमा तोकिने** (१) निरीक्षण तथा अनुगमन टोली गठन गर्दा संस्थाको सदस्य संख्या, कारोवार आयतन र कार्यक्षेत्रका आधारमा कार्यबोझ हेरी देहायको अवधि भित्र कार्य सम्पन्न गर्ने गरी अवधि तोक्नु पर्नेछः

(क) रु. तीन देखि पाँच करोडसम्म जायजेथा भएको संस्थाको लागि दुई दिन,

(ख) रु.पाँचदेखि पच्चिस करोडसम्म जायजेथा भएको संस्थाको लागि तीन दिन,

(ग) रु.पच्चिस देखी पचास करोडसम्म जायजेथा भएको संस्थाको लागि पाँचदिन,

(घ) रु.पचास करोड देखी एक अर्वसम्म जायजेथा भएको संस्थाको लागि सात दिन,

(ङ) रु.एक अर्व  भन्दा बढी जायजेथा भएको संस्थाको लागि दश दिन ।

(२) नियामक निकायको प्रमुखले आवश्यकता अनुसार निरीक्षण तथा अनुगमन टोली गठन गरी कार्यादेश दिन सक्नेछ ।

**८. स्थलगत अनुगमनको पूर्व तयारीः** (१) निरीक्षण तथा अनुगमन टोलीद्वरा स्थलगत अध्ययन भ्रमणमा जानु अगाडि अनुगमनकर्ताले सहकारी ऐन, नियमावली, निर्देशिका, मापदण्ड, संस्थाको विनियम तथा नीति तथा कार्यविधि, पछिल्लो आ.व.को लेखापरीक्षण प्रतिवेदन, लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन, वित्तीय विश्लेषण प्रतिवेदन, साधारणसभाको निर्णय तथा प्रतिवेदन, पूर्व निरीक्षण अनुगमनको प्रतिवेदन, संस्थाको सेवा प्रवाहसँग सम्बन्धित गुनासो तथा उजुरी, आदि विवरणहरु संकलन गर्नु पर्नेछ ।

(२) सोधपुछको लागि अनुगमन कार्यतालिका तयारीको साथै जाँचसूची (Checklist) तयार गर्ने ।

(३) संघसंस्थाको पदाधिकारी तथा व्यवस्थापनसँग गरिने बैठकको मिति निर्धारण गर्ने ।

**९.स्थलगत जाँच विधिः** निरीक्षण तथा अनुगमनमा खटिने पदाधिकारी वा टोलीले स्थलगत जाँचको लागि देहायको विधि अपनाउनु पर्नेछः

(क) संस्थाका पदाधिकारी तथा व्यवस्थापक र कर्मचारीवाट जाँचसूचीमा उल्लेखित एक एक बुँदा टिपोट गर्ने ।

(ख) संस्थाका पदाधिकारी तथा व्यवस्थापक र कर्मचारीबाट प्राप्त सूचनाको तथ्यताको लागि अभिलेखवाट आधिकारिता जाँच गर्ने ।

(ग) अनुगमन वा निरीक्षणवाट प्राप्त तथ्य र सूचनाको सैद्धान्तिक र कानूनी जाँच गर्ने ।

(घ) अनुगमनमा टिपिएका कारोवार अंकको शुद्धाशुद्धि जाँच गर्ने ।

(ङ) संस्थाका पदाधिकारी तथा व्यवस्थापक र कर्मचारीवाट प्राप्त उत्तरमा शंका भएमा पुरक प्रश्न सोध्ने ।

(च) अनुगमन तथा निरीक्षणको क्रममा भेटिएका त्रुटी उपर आफ्नो धारणा ब्यक्त नगर्ने र थप जानकारीमा केन्द्रित रहने ।

## परिच्छेद – ३

## संघसंस्था निरीक्षण अनुगमन विधि तथा किसिम

**१०. निरीक्षण तथा अनुगमन विधिः** (१) संघ, प्रदेश र स्थानीय तहबाट आ-आफ्नो क्षेत्राधिकार भित्रका सहकारी संघसंस्थाहरुको निरीक्षण अनुगमन गर्दा देहायको विधिहरुको प्रयोग गरिनेछः

**क) अभिलेखगत निरीक्षण अनुगमनः** यस विधि बमोजिम सहकारी संघसंस्थाहरुको निरीक्षण अनुगमन गर्दा सम्बन्धित संघसंस्थाको स्थिति विवरण, आयब्यय विवरण, नाफा नोक्सान विवरण, बही खाता (आम्दानी, खर्च, सम्पत्ति र दायित्व), सहायक खाता, समिति तथा लेखा समिति र साधारणसभाको निर्णय पुस्तिका, वार्षिक प्रगति प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन, पूर्व निरीक्षण अनुगमन प्रतिवेदन  समेतका कागजातहरु माग गरी गैरस्थलगत (Off-site) अर्थात अभिलेखगत निरीक्षण अनुगमन गर्न र सुझाव, निर्देशन र सिफारिश गर्न सकिन्छ । यस विधिवाट निरीक्षण अनुगमन गर्दा वित्तीय खर्च कम भएता पनि अनुगमनकर्तामा विषयबस्तुको राम्रो ज्ञान र विशेषज्ञता आवश्यक पर्दछ ।

**ख) स्थलगत निरीक्षण अनुगमनः** यस विधि बमोजिम नियमनकारी निकायबाट सहकारी संघसंस्थाहरुको निरीक्षण अनुगमन गर्दा बार्षिक कार्ययोजना बनाएर सम्बन्धित संघसंस्थाको कार्यालय, सेवा केन्द्र, पशुपन्छी फार्म, संकलन तथा चिस्यान केन्द्र, प्रशोधन तथा कारखानाको स्थलगत (On-site) अवलोकन गरी भौतिक सम्पत्ति, सरसामान, औजार तथा यन्त्र, कारखाना घर तथा गोदाम, ढुकुटी, सवारी साधन लगायत कारोवारको खाताबही, निर्णय पुस्तिका, कर्मचारीको ब्यवस्थापन, कारोवारको आयतन र अवस्था आदि प्रत्यक्षरुपमा हेर्न, जाँच गर्न र तुलना गरी रायसुझाव तथा निर्देशन दिन सक्नेछ ।

**ग) विशेष निरीक्षण अनुगमनः** सहकारी संघसंस्थाहरुबीच विवाद भई मध्यस्थता गर्नुपर्ने अवस्था भएमा वा कुनै खास विषयबस्तुको अध्ययन अनुसन्धान वा तहकिकात गरी प्रतिवेदन दिनु पर्ने अवस्था परेमा नियमनकारी निकायबाट मातहतका सहकारी संघसंस्थाहरुको विशेष निरीक्षण अनुगमन गरी प्रतिवेदन दिनु पर्नेछ । यस प्रकारको निरीक्षण अनुगमन स्थलगत, गैरस्थलगत वा दुवै पनि हुन सक्नेछ । विवाद समाधानको लागि गरिएको निरीक्षण अनुगमनमा सम्बन्धित संघसंस्थालाई सुझाव र निर्देशन दिन सकिन्छ ।

**११. निरीक्षण तथा अनुगमनको किसिमः** (१) संघ मातहतका सहकारी संघसंस्थाहरुको निरीक्षण तथा अनुगमन देहाय बमोजिमको आन्तरिक र बाह्य गरी दुई किसिमबाट गर्न गरिनेछः

(क) **आन्तरिक निरीक्षण अनुगमनः** सम्बन्धित छाता संघवाट गरिने मातहतका सहकारी संघसंस्थाहरुको निरीक्षण अनुगमन आन्तरिक किसिमको निरीक्षण अनुगमन हो । सहकारी ऐन, २०७४ को दफा ९९ (२) र सम्बन्धित प्रदेश तथा नगरपालिका/गाउँपालिकाबाट जारी सहकारी ऐन बमोजिम छाता संघले आफू मातहतका संघसंस्थाको निरीक्षण अनुगमन गरी तयार गरिएको प्रतिवेदन विभाग तथा प्रादेशिक वा स्थानीय सरकारको सहकारी कार्यालयलाई दिनुपर्ने

छ । सहकारी ऐन, २०७४ को दफा ९९ (३) बमोजिम आन्तरिक निरीक्षण अनुगमनको क्रममा संघसंस्थाको नामनामेसी विवरण, संघसंस्थामा सहकारी ऐन, नियमावली र विनियम पालनाको अवस्था, सदस्य संघसंस्थाले प्राप्त गरेको सेवासुविधा, सदस्य सहभागिताको स्तर, कोष परिचालन तथा वित्तीय अवस्था समेत समावेश गरी तयार पारिएको प्रतिवेदन नियमनकारी निकायमा पेश गर्नुको साथै सम्बन्धित संघसंस्थालाई दिनु पर्दछ । प्रतिवेदनमा उल्लेखित सुझाव र निर्देशन पालना गर्नु सम्बन्धित संघसंस्थाको कर्तब्य हुनेछ । निरीक्षण अनुगमन प्रतिवेदन मार्फत दिएको सुझाव र निर्देशन पालना नगर्ने संघसंस्था उपर सहकारी ऐन, २०७४ को दफा ९९ (४) र प्रादेशिक तथा स्थानीय तहको सहकारी ऐन बमोजिम रजिष्ट्रार वा निजबाट अधिकार प्राप्त अधिकारी वा दर्ता अधिकारी समक्ष कारवाहीको सिफारिश गरिनेछ ।

**(ख) बाह्य निरीक्षण अनुगमनः** नियमनकारी निकायहरु– संघीय सहकारी बिभाग, प्रादेशिक सरकार र स्थानीय तह (नगरपालिका/गाउँपालिका) मातहतका कार्यालयवाट गरिने सहकारी संघसंस्थाको निरीक्षण अनुगमन बाह्य निरीक्षण अनुगमन हो । बाह्य निरीक्षण अनुगमनबाट प्राप्त सुझाव तथा निर्देशनहरुको पालना र कार्यान्वयन गर्नु गराउनु प्रत्येक सहकारी संघसंस्थाको कर्तब्य हुनेछ । बाह्य निरीक्षण अनुगमनमा देहायका विषयबस्तु चेकजाँच गर्नुपर्नेछः

(१) सहकारी संघसंस्थाले सहकारी ऐन २०७४ को दफा ७४ वा प्रदेश वा स्थानीय तहको सहकारी ऐनमा भएको ब्यवस्था भए बमोजिम लेखामान खाता संरचना, शर्त र ब्यवस्था अनुरुप कारोवारको लेखा अभिलेख सम्पुष्टिजनक कागजात सहित अद्यावधिक गरेको हुनुपर्नेछ ।

(२) बहुउद्देश्यीय र अन्य विषयगत सहकारी संस्थाले बचत तथा ऋणको कारोवार समेत गर्दै आएको भए मुख्य कारोवारको गणना प्रयोजनको लागि बचत तथा ऋण कारोवारको हिसाव छुट्टिने गरी खाता बही कायम गरे नगरेको जाँच गर्नु पर्दछ ।

(३) सहकारी संस्थाले शेयर र लगानीको अतिरिक्त शेयर र बचतको अनुपात मिले नमिलेको हेर्नुको साथै कुल बचत दायित्वको दश प्रतिशत नघट्ने गरी तरलता कायम गरेर मात्र ऋण लगानी गरे/नगरेको हेर्नु पर्दछ ।

(४) बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाले लगानीमा रहेको ऋण मध्ये भाखा नाघे ननाघेको बर्गिकरण गरी भाखा नाघेको ऋणको हकमा नियमानुसार ऋण हानीका लागि प्रर्याप्त ब्यवस्था गरेको छ/छैन हेर्नु पर्दछ ।

(५) सहकारी संघसंस्थाले विद्युतीय माध्यमबाट कारोवार संचालन गर्दा नियमक निकायबाट जाँच गराएर स्वीकृति लिए/नलिएको हेर्नु पर्दछ ।

(६) सहकारी संघसंस्थाले अघिल्लो आ.व.सम्मको सम्पूर्ण सन्चित घाटा पूर्ति नगरेसम्म लाभांश वापतको रकम वितरण गरेको छ/छैन हेर्नु पर्दछ ।

## परिच्छेद – ४

# पूँजी तथा दायित्व र सम्पत्तिको निरीक्षण अनुगमन

**१२. पूँजी तथा दायित्वको निरीक्षण अनुगमनः** (१) पूँजी कुनैपनि संघसंस्थाहरुको उत्पादन, रोजगारी र आयआर्जन बढाउनको लागि ब्यवस्था गरिएको साधनश्रोतको मौज्दात हो । संघसंस्थाहरुको पूँजी तथा दायित्वको निरीक्षण अनुगमन गर्दा देहाय बमोजिमका साधनश्रोतको चेकजाँच गर्नुपर्दछः

**१.१) शेयर पूंजिः** शेयर पूँजी सहकारी संघसंस्थाको बीउ पूँजी (Seed Capital) हो । सामान्यतयाः स्वीकृत कार्यक्षेत्र भित्र बसोबास गर्ने प्राकृतिक ब्यक्तिहरुलाई सदस्य बनाएर उनीहरुबाट शेयर पूँजि संकलन गर्नु पर्दछ । कुनै एक ब्यक्तिबाट कुल शेयरपूँजिको २० प्रतिशत भन्दा बढी शेयरपूँजी संकलन गर्नु हुदैन । तर नेपाल सरकारका निकायहरुलाई यो बन्देज लागू हुनेछैन । पशुपन्छीपालन सहकारी संघसंस्था उत्पादन, प्रशोधन र विक्री वितरणवाट मूल्यश्रङ्खला मार्फत मूल्यअभिबृद्धि गर्ने सहकारी भएकोले पूँजी संरचनामा शेयरपूँजी तुलनात्मक रुपमा बचत तथा ऋण सहकारीको भन्दा बढी कायम गर्नु पर्दछ । सघसंस्थाको निरीक्षण अनुगमन गर्दा उल्लेखित मापदण्ड बमोजिम शेयरपूँजी कायम भए नभएको वारे सूचना लिने काम गर्नु पर्दछ ।

**१.२) बाह्य ऋणः** सहकारी संघसंस्थाले ऋण लिन र नेपाल सरकारको स्वीकृतिमा ऋणपत्र जारी गरी पूँजी संकलन गर्न सक्दछ । सहकारी संस्था स्वनियमनमा चल्ने सदस्य केन्द्रीत समुदायमा आधारित स्वायत्त संस्था भएकोले संस्थाको स्वायत्ततामा खलल नपर्ने गरी पूँजी संरचनामा थोरै अंश कायम हुने गरी बाह्य ऋण लिनु पर्दछ ।

**१.३) बचत निक्षेप संकलनः** पशुपन्छीपालन जस्ता उत्पादनमूलक सहकारी संघसंस्थाले कुल कारोवारको ३० प्रतिशत नबढने गरी सदस्यहरुबीच बचत संकलन गर्न सक्दछन । त्यस प्रकारको बचत रकम सदस्यहरुलाई पशुपन्छीपालन गर्न ऋणको रुपमा लगानी गर्न सकिन्छ ।

**१.४) जगेडा कोषः** जगेडा कोष सहकारी संघसंस्थाको संस्थागत पूँजी हो । यो एक प्रकारको अक्षयकोष हो । यो कोषको रकम विनियममा ब्यवस्था भए बमोजिम खर्च गर्न सकिन्छ । यो कोष संस्थाको ब्यवसायिक विकासमा परिचालन गर्न सकिन्छ । सहकारी ऐन, २०७४ बमोजिम संघसंस्थाको बार्षिक खुद बचत/नाफाबाट कम्तीमा २५ प्रतिशत रकम जगेडाकोषमा राख्नु पर्दछ ।

**१.५) संरक्षित पूँजी फिर्ता कोषः** सहकारी संघसंस्थाले आर्जन गरेको खुद बचतबाट माथि उल्लेख भए बमोजिम रकम जगेडाकोषमा छुटट्याई बाकी रकमवाट २५ प्रतिशत रकम संरक्षित पूँजी फिर्ता कोषमा जम्मा गरी वार्षिक कारोवारको आधारमा सदस्यहरुलाई फिर्ता दिनु पर्दछ । बर्षको अन्त्यमा यदि यो कोषमा रकम बाँकी रहेमा जगेडाकोषमा जम्मा गरी वर्षान्तमा यो कोष शुन्य बनाउनु पर्दछ ।

**१.६) सहकारी प्रवर्द्धन कोषः** सहकारी संघसंस्थाहरुले आर्जन गरेको खुद बचतबाट माथि उल्लेख भए बमोजिम रकम जगेडा कोषमा छुट्याई बाँकी रकमवाट ०.५ प्रतिशत सहकारी प्रवर्द्धन कोषमा जम्मा गर्नु पर्दछ । यो कोषमा नेपाल सरकारको तर्फबाट मन्त्रालय मार्फत रकम थप

गरी राष्ट्रिय सहकारी महासंघ लगायत केन्द्र, प्रदेश र जिल्ला तहका विभिन्न संघहरुलाई शिक्षा तथा तालिम, प्रवर्द्धन र विकासमा निरीक्षण अनुगमनमा खर्च गर्ने गरी देहाय बमोजिम वितरण गरिनेछः

| | |
|---|---|
| • राष्ट्रिय सहकारी महासंघ | ३०% |
| • केन्द्रीय विषयगत सहकारी संघहरु | २५ % |
| • प्रदेश सहकारी संघहरु | १० % |
| • प्रदेश विषयगत सहकारी संघहरु | १० % |
| • जिल्ला सहकारी संघहरु | १५ % |
| • जिल्ला विषयगत सहकारी संघहरु | १० % |

१.७) **अन्य कोषहरुः** सहकारी संघसंस्थाले आर्जन गरेको खुद बचतबाट माथि उल्लेख भए बमोजिम रकम जगेडा कोष, संरक्षित पूँजी फिर्ता कोष र सहकारी प्रवर्द्धन कोषमा छुटट्याई बाँकी रकमबाट देहाय बमोजिमको कोषहरु खडा गरी विनियममा व्यवस्था भए बमोजिम कम्तीमा ५ प्रतिशत रकम जम्मा गर्नु पर्दछः

क) **शेयर लाभांश कोषः** (शेयर पूँजीको १८ % नबढने गरी विनियममा व्यवस्था भए बमोजिम)

ख) **सहकारी शिक्षा कोषः** (सम्बन्धित संस्थाको विनियममा व्यवस्था भए बमोजिम)

ग) **कर्मचारी बोनस कोषः** ( विनियममा व्यवस्था भए बमोजिम बढीमा ३ महिनाको तलवसम्म)

घ) **सहकारी विकास कोषः** (सम्बन्धित संस्थाको विनियममा व्यवस्था भए बमोजिम)

ङ) **घाटा पूर्ति कोषः** ( सम्बन्धित संस्थाको विनियममा व्यवस्था भए बमोजिम)

च) **सामुदायिक विकास कोषः** (सम्बन्धित संस्थाको विनियममा व्यवस्था भए बमोजिम)

छ) **स्थिरीकरण कोषः** (सम्बन्धित संस्थाको साधारण सभाले स्वीकृत गरे अनुसार)

**१३. सम्पत्तिको निरीक्षण अनुगमनः** (१) सहकारी संघसंस्थाको सम्पत्तिमा घर, जग्गा, मेशिन, औजार, सवारी साधन, उद्योग तथा कलकारखाना, नगद मौज्दात, जिन्सी, बैंक मौज्दात, कच्चा पदार्थ, प्रशोधित तथा अर्धप्रशोधित सामान, फर्निचर समेत समावेश गरी स्थिर र चालु सम्पत्तिमा विभाजन गरिएको हुन्छ ।

क) **स्थिर सम्पत्तिको निरीक्षण अनुगमनः** सहकारी संघसंस्थाको स्थिर सम्पत्ति निरीक्षण अनुगमन गर्दा देहाय बमोजिम भए नभएको चेक जाँच गर्नु पर्दछः

१) संघसंस्थाको घर, जग्गा, मेशिन, औजार, सवारी साधन, उद्योग तथा कलकारखाना, फार्म, पशुपन्छी, कच्चा पदार्थ, प्रशोधित तथा अर्धप्रशोधित सामान, फर्निचर समेत स्थिर सम्पत्तिको अभिलेख अद्यावधिक रुपमा राखे नराखेको हेर्नु पर्दछ ।

२) स्थिर सम्पत्तिको ह्रास कट्टी निर्धारित मापदण्ड बमोजिम गरिएको छ/छैन ।

३) स्थिर सम्पत्तिको उचित मर्मत सम्भार भएको छ/छैन ।

४) स्थिर सम्पत्तिको नियमित रुपमा स्थलगत भौतिक परीक्षणको काम भएको छ/छैन ।

५) स्थिर सम्पत्तिको खरिद गर्दा र खर्च गर्दा अधिकार प्राप्त अधिकारीको स्वीकृती लिएको र आवश्यक प्रकृया पुरा गरिएको छ/छैन ।

६) संघसंस्थाको मालसामान तथा सम्पत्ति ब्यक्तिगत रुपमा प्रयोग गरिएको छ/छैन ।

७) बिना औचित्य र आवश्यकता सम्पत्ति खरिद गरिएको छ/छैन ।

**ख) चालु सम्पत्तिको निरीक्षण अनुगमनः** सहकारी संघसंस्थाको चालु सम्पत्ति निरीक्षण अनुगमन गर्दा देहाय बमोजिम भए नभएको चेक जाँच गर्नु पर्दछः

१) नगद हिसावः

(१.१) सहकारी संघसंस्थाको नगद मौज्दात दैनिक कारोवारको लागि प्रयाप्त छ, छैन र शुरक्षा ब्यवस्था भरपर्दो छ/छैन ।

(१.२) दैनिक कारोवारको लागि चाहिने भन्दा बढी रकम बैंकमा राखेको छ/छैन ।

(१.३) नगद मौज्दात रकम नगदी कितावसँग भिड्छ/भिड्दैन ।

(१.४) नगद राख्ने जिम्मेवारी कुनै पदाधिकारीलाई तोकिएको छ/छैन । यदि तोकिएको भए उक्त नगद रकम सम्वन्धित ब्यक्तिको जिम्मामा छ/छैन ।

२) बैंक हिसावः

(२.१) संघसंस्थाको नाममा कुन कुन बैंकमा के कति रकम मौज्दात रहेको छ ।

(२.२) संघसंस्थाको वित्तीय विवरणमा देखाएको मौज्दात रकम र पासबुकको मौज्दात रकम भिड्छ/भिड्दैन ।

(२.३) संघसंस्थाले नियमित रुपमा बैक स्टेटमेन्ट लिने गरेको छ/छैन ।

(२.४) बैंकले दिने गरेको ब्याज संघसंस्थामा आम्दानी देखाएको छ/छैन ।

(२.५) समय समयमा बैंक मौज्दात र संघसंस्थाको मौज्दातवीच हिसाव मिलान गर्ने काम भएको छ/छैन ।

३) पाउनु पर्ने हिसावः

(३.१) संघसंस्थाले अन्यत्रबाट पाउनु पर्ने हिसावको स्पष्ट अभिलेख राखेको छ/छैन ।

(३.२) पाउनु पर्ने हिसाव रकम वास्तविक हो/होईन ।

(३.३) ऋण तथा लगानीवाट प्राप्त ब्याजलाई पाउनु पर्ने हिसावमा देखाईएको छ/छैन ।

४) **ऋण तथा अन्य लगानी हिसावः**

(४.१) ऋण लगानी नीति तर्जुमा गरी ऋणको शर्त र सिमा निधारण गरिएको छ/छैन ।

(४.२) ऋण लगानी सदस्य संघसंस्थामा मात्र सिमित छ/छैन ।

(४.३) ऋण लगानी गर्दा रितपूर्वकको कागजात र सम्झौता गरिएको छ/छैन ।

(४.४) ऋण स्वीकृति अधिकारवाला ब्यक्तिवाट भएको छ/छैन ।

(४.५) ऋण लगानी पश्चात ऋण सदुपयोगको बारे जानकारी लिन नियमित अनुगमन भएको छ/छैन ।

(४.६) ऋण दिदा लिएको धितो तथा जमानी प्रर्याप्त छ/छैन ।

(४.७) शर्त अनुसार सावाँ ब्याज असुल उपर भए/नभएको र यदि नभएको भए ताकेता र आवश्यक कारवाही शुरु गरे/नगरेको ।

(४.८) ब्याजदर र हर्जना सम्वन्धी स्पष्ट नीति छ/छैन ।

(४.९) पुरानो ऋण नतिर्ने ब्यक्तिलाई नया ऋण स्वीकृत गरिएको छ/छैन ।

(४.१०) दुरुपयोग भएको, भाखा नाघेको र शंकास्पद ऋण असुल उपर गर्न समयमा नै आवश्यक प्रकृया थालनी गरिएको छछैन ।

## परिच्छेद – ५

## कोष अभिलेख र हिसाव जाँच

**१४. संघसंस्थाको कोष ब्यवस्थापनः** (१) सहकारी संघसंस्थाको स्वीकृत विनियममा उल्लेखित काम सम्पन्न गर्नको लागि आवश्यक वित्तीय श्रोत ब्यवस्था गर्न एउटा छुट्टै कोष खडा गरिएको हुन्छ । यो कोषको रकम नजिकको बैंकमा खाता खोलि राखिएको हुन्छ । कोषको रकम संचालक समितिले तोकेको पदाधिकारी र ब्यवस्थापकको संयुक्त दस्तखतमा संचालन हुनेछ । संघ, प्रदेश र स्थानीय नगरपालिका वा गाउँपालिकावाट जारी सहकारी ऐन बमोजिम कोषमा देहायको रकम रहनेछः

- शेयर बिक्रीवाट प्राप्त रकम
- बचतको रुपमा प्राप्त रकम
- ऋणको रुपमा प्राप्त रकम
- नेपाल सरकारवाट प्राप्त अनुदान रकम (संघ, प्रदेश र स्थानीय तह)
- विदेशी सरकार वा संघसंस्थावाट प्राप्त अनुदान वा सहायता रकम (अर्थ मन्त्रालयको स्वीकृतिमा)
- ब्यवसायिक कार्यवाट आर्जित रकम
- सदस्य प्रवेश शुल्क

**१५. कोष परिचालनको निरीक्षण तथा अनुगमनः** (१) सहकारी संघसंस्थाको निरीक्षण तथा अनुगमन गर्दा कोष परिचालन सम्वन्धमा देहाय बमोजिम भए नभएको हेर्नु पर्दछः

(क) कोषको रकम संघसंस्थाको नाममा खाता खोलि बैंकमा जम्मा भएको छ, छैन ।

(ख) खाताको संचालन संचालक समितिले तोकेको संचालक र व्यवस्थापकको संयुक्त दस्तखतमा संचालन भएको छ, छैन ।

(ग) कोषको रकम खर्च गर्दा आवश्यकता र औचित्यताको आधारमा विनियममा उल्लेखित काममा खर्च भएको छ, छैन ।

(घ) संघसंस्थामा प्राप्त सवै प्रकारका आम्दानी, अनुदान, सहायता र ऋण रकम कोषमा जम्मा भएको छ, छैन ।

(ङ) रकम खर्च गर्दा नियमानुसार आवश्यक सबै प्रकृया पुरा गरी अधिकार प्राप्त अधिकारीको आदेशमा खर्च भएको छ, छैन ।

**१६. संघसंस्थाको अभिलेख व्यवस्थापनः** (१) सहकारी संघसंस्थाको निरीक्षण तथा अनुगमन गर्दा प्रत्येक संघसंस्थाले सहकारी नियमावली बमोजिम आफ्नो दैनिक कारोवार संचालनको शिलशिलामा देहाय बमोजिमका अभिलेख राखे नराखेको हेर्नु पर्दछः

(क) संघसंस्थाको सदस्यता दर्ता किताव,

(ख) साधारण सभा (प्रारम्भिक, वार्षिक र विशेष), संचालक समिति, लेखा तथा सुपरीवेक्षण समिति र उपसमितिहरुको छुट्टाछुट्टै कारवाही किताव,

(ग) संघसंस्थाको नगदी बही,

(घ) संघसंस्थाको कारोवार दर्ता किताव

(ङ) संघसंस्थाको शेयर दर्ता किताव

(च) संघसंस्थाको मालसामानको मौज्दात दर्ता किताव,

(छ) संघसंस्थाको ऋण लेनदेन दर्ता किताव,

(ज) संघसंस्थाको बेरुजु एवम् सम्परीक्षण खाता,

(झ) आम्दानी, खर्च, सम्पत्ति र दायित्वका अलग अलग खाता तथा सहायक खाताहरु,

(ञ) हिसाव परीक्षण सूची, आयब्यय र स्थितिविवरण,

(ट) विभागले तोकिदिएका अन्य अभिलेख तथा खाताहरु ।

(२) पाँच करोड रुपैयाँ भन्दा बढी जायजेथा भएका संघसंस्थाले उपदफा (१) बमोजिमको अभिलेख तथा लेखा विभागले तोके बमोजिमको निर्धारक पुरा भएको विद्युतीय उपयोग कार्यक्रमणिका (सफ्टवेयर) मा समेत व्यवस्थित गर्नुपर्नेछ ।

(३) संघसंस्थाले आफ्नो संस्थागत र व्यवसायिक कारोवारको विवरण संघीय सहकारी विभागले तोकेको व्यवस्थापन सूचना प्रणालीमा समेत प्रविष्ट गर्नु पर्नेछ ।

(घ) संघसंस्थाले आधारभूत अभिलेख र कारोवारको हिसावकिताव पृष्ठसुरक्षा (ब्याकअप) व्यवस्था सहित संरक्षण गर्नु पर्नेछ ।

**१७. संघसंस्थाले उपलब्ध गराउनु पर्ने विवरणः** (१) सहकारी संघसंस्थाको निरीक्षण तथा अनुगमनको क्रममा अधिकार प्राप्त अधिकारीले सहकारी ऐन, २०७४ को दफा ७३ र सम्वन्धित प्रदेश तथा स्थानीय तहको सहकारी ऐनको व्यवस्था बमोजिम संघसंस्थाले प्रत्येक बर्ष देहायका विवरण सहितको प्रतिवेदन रजिष्ट्रार वा अधिकार प्राप्त अधिकारी वा दर्ता अधिकारीसमक्ष पेश गरेको छ, छैन हेर्नु पर्दछः

(क) कारोवारको चौमासिक तथा बार्षिक प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन ।

(ख) बार्षिक नीति, योजना र कार्यक्रम ।

(ग) खुद बचत सम्बन्धी नीति र योजना ।

(घ) संचालकको नाम तथा बाँकी कार्यावधि ।

(ङ) साधारण सभाको वैठक सम्वन्धी जानकारी ।

(च) शेयर सदस्य संख्या र शेयरपूँजी ।

(छ) संचालक र सदस्यले लिएको ऋणको तिर्न बाँकी रकम ।

(ज) रजिष्ट्रार वा अधिकार प्राप्त अधिकारीले तोकिदिएको अन्य विवरण ।

**१८.हिसाव जाँच/लेखापरीक्षणः** (१) संघसंस्थाको निरीक्षण तथा अनुगमन गर्दा कारोवारको लेखा दोहोरो लेखा प्रणालीमा आधारित प्रचलित कानून अनुसारको लेखामान बमोजिम भए नभएको हेर्नु पर्दछ ।

(२) संघसंस्थाको आन्तरिक नियन्त्रणको लागि साधारण सदस्यहरुबाट एक जना संयोजक र दुई जना सदस्य रहने गरी एक स्वतन्त्र लेखा तथा सुपरीवेक्षण समितिको व्यवस्था भएको छ, छैन । यो समिति गठन भएको भए, सवल, सक्षम र सक्रिय छ, छैन । यो समितिबाट चौमासिक र बार्षिक रुपमा संघसंस्थाको आन्तरिक लेखापरीक्षण गरी प्रतिवेदन दिने काम गरेको छ, छैन । आन्तरिक लेखापरीक्षण प्रतिवेदन उपर समिति र साधारण सभामा छलफल गर्ने काम भएको छ, छैन ।

(३) संघसंस्थाको निरीक्षण तथा अनुगमन गर्दा कारोवारको लेखापरीक्षण आर्थिक बर्ष समाप्त भएको मितिले ३ महिना भित्र प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त लेखापरीक्षकबाट गराएको छ, छैन हेर्नु पर्दछ ।

(४) संघसंस्थाको निरीक्षण तथा अनुगमन गर्दा लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण साधारण सभाबाट भए नभएको हेर्नुको साथै एकै ब्यक्ति लगातार ३ पटक भन्दा बढी संस्थाको लेखापरीक्षकमा नियुक्ति भए नभएको यकिन गर्नु पर्दछ ।

(५) संघसंस्थाको संचालक, सदस्य र वेतनवाला सल्लाहकार तथा कर्मचारी, साहुको दामासाहीमा परेको ब्यक्ति, लेखापरीक्षणको कसुरमा सजाय पाई तीन बर्ष भुक्तान नगरेको ब्यक्ति, फौजदारी कसुरमा सजाय पाएको पाँचबर्ष नभएको ब्यक्ति र सम्वन्धित सहकारी संघसंस्थासँग स्वार्थ बाझिएको ब्यक्ति लेखापरीक्षकमा नियुक्त हुन नसक्ने कानूनी ब्यवस्थाको पालना भए नभएको हेर्नु पर्दछ ।

(६) लेखापरीक्षकले नियमितता, मितब्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यता समेत विचार गरी देहाय बमोजिमका विषयको चेकजाँच र परीक्षण गर्नु पर्दछः

(क) संघसंस्थाले खर्च गर्दा साधारण सभाले स्वीकृत बजेट सिमाभित्र रही खर्च गरेको छ, छैन ।

(ख) संघसंस्थाले प्रचलित ऐन कानून र आफ्नो विनियममा ब्यवस्था भए अनुसार आर्थिक कारोवार संचालन गरेको छ, छैन ।

(ग) संघसंस्थामा आम्दानी र खर्चको यथेष्ठ प्रमाण छ, छैन ।

(घ) संघसंस्थाले तोकिएको ढाँचामा लेखा राखेको र आर्थिक कारोवारको यथार्थ र पारदर्शी तरिकाले चित्रण गरेको छ, छैन ।

(ङ) सम्पत्तिको लगत दुरुस्त र अद्यावधिक राखेको र संरक्षणको प्रर्याप्त ब्यवस्था भएको छ, छैन

(च) नगदी, जिन्सी र अन्य सम्पत्ति समेतको हानीनोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक निरीक्षण र आन्तरिक लेखापरीक्षणको ब्यवस्था गरेको छ, छैन ।

(छ) ऋण, जमानत र बचत निक्षेपको लेखा यथार्थपरक छ, छैन ।

(ज) आम्दानी, खर्च र विनियममा ब्यवस्था भए बमोजिमका कोषहरुको लेखा ठीक छ, छैन । कोष राख्ने र वितरण गर्ने सम्वन्धमा नियम बनेको छ, छैन । यदि नियम बनेको भए नियमको पालना भएको छ, छैन ।

(झ) संघसंस्थामा उपलब्ध साधन श्रोत र सम्पत्तिको समुचित उपयोग भएको छ, छैन र त्यसको सम्भारमा ध्यान पुऱ्याएको छ, छैन ।

(ञ) ब्यावसायिक कारोवारको आम्दानी, खर्च, जिन्सी तथा नगद मौज्दात र अन्य आर्थिक कारोवार सम्बन्धी नियमहरु प्रर्याप्त छन्/छैनन् र भएमा त्यसको पालना भएको छ, छैन ।

(ट) लागत खर्चको सीमाभित्र रही कार्यक्रम संचालन भई लक्ष्य अनुसार प्रगति भएको छ, छैन । लागतको तुलनामा प्रतिफल मनासिव छ, छैन । कामको गुणस्तर सन्तोषजनक छ, छैन ।

## परिच्छेद – ६

# संघसंस्था एकीकरण तथा विभाजन र विघटन तथा दर्ता खारेजी

**१९ संघसंस्था एकीकरण तथा विभाजनः** संघसंस्थाको एकीकरण र विभाजनको सम्वन्धमा संघ, प्रदेश र स्थानीय तहवाट निरीक्षण तथा अनुगमन गर्दा देहाय बमोजिम भए नभएको चेकजाँच गर्नुपर्दछः

(१) संघीय, प्रादेशिक र स्थानीय नगरपालिका/गाउँपालिकावाट जारी सहकारी ऐन बमोजिम दुई वा दुई भन्दा बढी संघसंस्थाहरु एकीकरण गर्न र एउटा सहकारी संघ वा संस्थालाई भौगोलिक कार्यक्षेत्रको आधारमा दुई वा दुई भन्दा बढी संघ वा संस्थामा विभाजन गर्न सकिने प्रावधानको पालना ठीकसँग भए नभएको हेर्नुपर्दछ ।

(२) उपदफा (१) बमोजिम संघसंस्थाको एकीकरण वा विभाजन गर्दा सम्वन्धित संघ वा संस्थाको कुल कायम सदस्य संख्याको बहुमतवाट निर्णयवाट भएको छ, छैन ।

(३) उपदफा (२) बमोजिम संघसंस्थाको एकीकरण वा विभाजन गर्ने निर्णय गर्दा एकीकरण र विभाजनका शर्त र कार्यविधि खुलाउने काम भएको छ, छैन ।

(४) उपदफा (३) बमोजिम संघसंस्थाको एकीकरणको लागि देहायका शर्त बन्देजहरु पुरा भएको हुनु पर्ने प्रावधान पुरा भएको छ छैनः

क) कार्यक्षेत्र एकअर्कासँग खप्टिएको वा जोडिएको हुनु पर्ने ।

ख) एकै विषय र प्रकृतिका संस्था हुनु पर्ने वा फरक विषय वा प्रकृतिका भए पनि एकै विषयको कारोवार संचालनमा संस्थाहरु वीच प्रतिस्पर्धा भएको हुनु पर्ने ।

ग) सदस्यहरुको प्रत्यक्ष सहभागिता र लोकतान्त्रिक नियन्त्रण कायम रहेको हुनुपर्ने ।

(५) उपदफा (१)जुनसुकै कुरा लेखिएको भए पनि संघीय मन्त्रालयको पूर्व स्वीकृति विना २०४९ जेष्ठ २ गते भन्दा अगाडि दर्ता भएका साझा संस्थालाई एकीकरण गर्नपाईने छैन ।

(६) संघको एकीकरण गर्दा विषयगत कार्य तथा ब्यावसायिक कारोवार मिल्ने गरी गर्नु पर्ने ब्यवस्थाको पालना भएको छ, छैन ।

(७)  उपदफा (३) बमोजिम संघसंस्थाको विभाजनको प्रकृयावाट स्थानीयकरण गर्दा संस्थाको कार्यसंचालनमा सदस्यहरुको सक्रिय सहभागिता र लोकतान्त्रिक नियन्त्रण कायम रहेको अवस्था छ, छैन ।

(८) संघसंस्था विभाजन गर्दा विद्यमान कारोवारको प्रकृति अनुसार विषयगत वर्गीकरण मिल्ने गरी फरक फरक भौगोलिक कार्यक्षेत्र कायम राखी विभाजन गर्ने काम भएको छ छैन ।

(९) रजिष्ट्रार वा निजवाट अधिकार प्राप्त अधिकारी वा दर्ता अधिकारीले सहकारी संघसंस्थाको एकीकरण र विभाजन गर्दा सम्वन्धित संघको राय लिएको छ छैन ।

(१०) नेपाल सरकार वा दातृ निकायको ऋण, अनुदान वा अन्य प्रकारको सहयोग रकम वा जायजेथा रहेका सहकारी संघसंस्थाको एकीकरण र विभाजन गर्दा सम्वन्धित सहयोगकर्ता निकायको पूर्व स्वीकृति लिएको छ छैन ।

२०.**संघसंस्था विघटन र दर्ता खारेजीः** संघसंस्थाको विघटन र दर्ता खारेजीको सम्वन्धमा संघ, प्रदेश तथा स्थानीय तहवाट देहाय बमोजिम भए नभएको वारे निरीक्षण तथा अनुगमन गर्नु पर्दछः

(१) सहकारी संघसंस्थाको विघटन साधारणसभाको बहुमत सदस्यको निर्णयवाट भएको हो, होईन ।

(२) उपदफा (१) बमोजिम विघटन भएको संघसंस्थाको दर्ता खारेजीको स्वीकृतिको लागि रजिष्ट्रार वा निजवाट अधिकार प्राप्त अधिकारी वा दर्ता अधिकारीसमक्ष पेश गरी नियमानुसार दर्ता खारेजी भएको हो, होईन ।

(३) विघटनको निर्णय भई दर्ता खारेजीको सिफारिश नभएतापनि सहकारी ऐन, २०७४ को दफा ८८ (३) र सम्वन्धित प्रदेश तथा स्थानीय तहको सहकारी ऐन बमोजिम संघसंस्था लगातार दुई बर्षसम्म कुनै कारोवार नगरी निष्कृय रहेको, सहकारी ऐन तथा नियमावली विपरित काम गरेको, विनियममा उल्लेखित उद्धेश्य विपरीत काम गरेको र सहकारी मूल्यमान्यता र सिद्धान्त विपरीत कार्य गरेको अवस्थामा रजिष्ट्रार वा निजवाट अधिकार प्राप्त अधिकारी वा दर्ता अधिकारीले सुनुवाईको लागि १५ दिनको समयावधि दिएर संघसंस्थाको दर्ता खारेजी गरेको हो, होईन ।

## परिच्छेद – ७

## सहकारी मूल्यमान्यता र सिद्धान्त

२१.**सहकारी मूल्यको अभ्यासः** निरीक्षण तथा अनुगमनकर्ताले सहकारी संघसंस्थाले कुनै पनि ब्यवसाय वा कारोवार संचालन गर्दा सहकारिताका विशिष्ट मूल्यहरुको पालना भएको छ, छैन हेर्नु पर्दछ । निरीक्षण तथा अनुगमनको कममा संघसंस्थाले अनिवार्य रुपमा ती विशिष्ट मूल्यहरुको ब्यवहारिक प्रयोग गरे नगरेको हेर्नु पर्दछ । सहकारी मूल्य सहकारीकर्मीहरुको साझा विश्वास हो । साझा विश्वास विना पारस्पारिकता र साझा संबन्धन (Common Bond) स्थापित गर्न सकिदैन । सहकारीका मूल्यहरुलाई देहाय बमोजिम दुई भागमा विभाजन गरी अध्ययन गर्न सकिन्छः

**क) आधार मूल्यहरुः** आधारमूल्यहरुले संस्थाको सँगठन संरचना वारेमा प्रकाश पार्दछ । यी विचारजनक र परिभाषिक हुन्छन, जसले संस्था र सदस्यवीचको सम्वन्धलाई दर्शाउने काम गर्दछ । आधार मूल्यहरुको सहकारी कर्मीहरुका निष्ठा हुन । आधार मूल्यहरुको सूची यस प्रकार रहेकोछः

- स्वावलम्बन
- स्व–उत्तरदायित्व
- प्रजातन्त्र
- समानता

- समन्याय
- ऐक्यबद्धता

**ख) नैतिक मूल्यहरुः** नैतिक मूल्यहरुले सहकारी संघसंस्थाहरुको संचालनको विधि माथि प्रकाश पार्दछन । यी व्यवाहारजनक र परिचायक हुन्छन, जसले संस्था र समुदायवीचको सम्वन्धलाई दर्शाउने काम गर्दछ । आधार मूल्यहरुको सहकारी कर्मीहरुका प्रतिष्ठा हुन । नैतिक मूल्यहरुको सूची यस प्रकार रहेकोछः

- इमानदारिता
- खुलापन
- सामाजिक उत्तरदायित्व
- अरुको हेरचाह

**१५.सहकारी सिद्धान्तको पालनाः** सिद्धान्तहरु ती सर्वब्यापि सत्यता र मौलिक नियमहरु हुन, जसले मूल्यमान्यतालाई ब्यवहारमा उतार्ने र सँगठनको काममा मार्ग निर्देशन गर्ने काम गर्दछन । सहकारी सिद्धान्त भनेको सहकारिताको दर्शन पनि हो । यसले सहकारी ब्यवसायको बैचारिक र संस्थापकीय पक्षको ब्याख्या, विश्लेषण र प्रतिरक्षा गर्ने काम गर्दछ । निरीक्षण तथा अनुगमन गर्दा संघसंस्थाहरुले देहाय बमोजिम सहकारिताका प्रचलित सात सिद्धान्तहरुको पालना गरे नगरेको जाँच गर्नु पर्दछः

- पहिलो सिद्धान्तः स्वैच्छिक तथा खुला सदस्यता
- दोश्रो सिद्धान्तः सदस्यको प्रजातान्त्रिक नियन्त्रण
- तेश्रो सिद्धान्तः सदस्यको आर्थिक सहभागिता
- चौंथो सिद्धान्तः स्वायत्तता र स्वतन्त्रता
- पांचौं सिद्धान्तः शिक्षा, तालीम र सूचना
- छैटौं सिद्धान्तः अन्तर सहकारी सहयोग
- सातौं सिद्धान्तः समुदाय प्रतिको चासो

परिच्छेद – ८

## संघसंस्थाको विनियम र आन्तरिक कार्यसंचालन

**२२ संघसंस्थाको उद्धेश्यः** (१) सहकारी ऐन, २०७४ को दफा २४ वा प्रदेश वा स्थानीय नगरपालिका/गांउपालिकावाट जारी सहकारी कानून बमोजिम कार्यक्षेत्रमा आधारित र सदस्य केन्द्रित भई आफ्ना सदस्यहरुको आर्थिक, सामाजिक तथा सांस्कृतिक संमृद्धि हासिल गर्नु संस्था वा संघको मुख्य उद्धेश्य हुने कुरा उल्लेख छ । निरीक्षण तथा अनुगमन गर्दा ऐनले तोकेको उद्धेश्य तर्फ संघसंस्था लक्षित छ, छैन हेर्नु पर्दछ ।

(२) उपदफा (१) बमोजिमका उद्धेश्य प्राप्तीको लागि संघसंस्थाको आफ्नो विनियममा विशिष्टीकृत उद्धेश्यहरुको व्यवस्था गरिएको हुन्छ । निरीक्षण तथा अनुगमन गर्दा विनियमले तोकेको विशिष्ट उद्धेश्य तर्फ संघसंस्था लक्षित छ, छैन हेर्नु पर्दछ ।

**२३ संघसंस्थाको कार्यः**

(१) निरीक्षण तथा अनुगमन गर्दा ऐनले तोकेको कार्यहरु सम्पादन गर्ने तर्फ संघसंस्था लक्षित छ, छैन हेर्नु पर्दछ । सहकारी ऐन, २०७४ को दफा २५ वा प्रदेश वा स्थानीय तहको सहकारी ऐन बमोजिम सहकारी संघसंस्थाका कार्यहरु यस प्रकार रहेकाछनः

(क) सहकारी मूल्यमान्यता र सिद्धान्तहरुको पालना गर्ने, गराउने ।

(ख) सदस्य र आफ्नो ब्यावसायको हित प्रवर्द्धन तथा सोको बजारीकरण गर्ने, गराउने ।

(ग) संस्थाका पदाधिकारी, सदस्य र कर्मचारीलाई शिक्षा, तालीम र सूचना प्रदान गर्ने तथा सदस्य संस्था/संघमा सुशासन प्रवर्द्धन गर्ने गराउने ।

(घ) संस्था वा संघवीचको पारस्पारिक सहयोग अभिबृद्धि गर्ने, गराउने ।

(ङ) संस्था वा संघले गर्ने उत्पादन तथा सेवाका मापदण्ड निर्धारण गरी गुणस्तर सुधार, आर्थिक स्थायित्व र जोखिम ब्यवस्थापन सम्वन्धि काम गर्ने

(च) संस्था स्वायत्तता कायम गर्न आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने ।

(छ) संस्था वा संघको ब्यवसायिक प्रवर्द्धन तथा विकास सम्वन्धी कृयाकलापहरु संचालन गर्ने ।

(ज) मन्त्रालय, रजिष्ट्रार, प्रदेश स्थानीय तह वा कार्यालयको निर्देशन पालना गर्ने

(झ) विनियममा उल्लेखित कार्यहरु गर्ने

(२) (२) उपदफा (१) बमोजिमका कार्यहरु सम्पादन गर्नको लागि संघसंस्थाको आफ्नो विनियममा विशिष्टीकृत कार्यहरुको ब्यवस्था गरिएको हुन्छ । निरीक्षण तथा अनुगमन गर्दा विनियमले तोकेको विशिष्ट कार्य सम्पादन तर्फ संघसंस्था लक्षित छ, छैन हेर्नु पर्दछ ।

**२४ संस्थाको सदस्यता:** (१) सहकारी ऐन, २०७४ को दफा ३० वा प्रदेश वा स्थानीय तहवाट जारी सहकारी कानून अनुसार संस्थाको कार्यक्षेत्र भित्र बसोबास गरिरहेको, कम्तीमा एक शेयर खरिद गरेको, विनियमका शर्त पालना गर्न मन्जुर गर्ने, संस्थागत जिम्मेवारी पालना गर्न मन्जुर गर्ने र प्रतिस्पर्धा हुनेगरी कारोवारमा संलग्न नरहेको १६ बर्ष उमेर पुरा गरेको नेपाली नागरिक सदस्य बन्न सक्दछ । निरीक्षण तथा अनुगमनकर्ताले संस्थाको सदस्यता सम्वन्धमा उल्लेखित शर्तहरु पुरा भए नभएको हेर्नु पर्दछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि नेपाल सरकार (संघ, प्रदेश र स्थानीय तह) का निकायहरु, सहकारी तथा सामुदायिक विद्यालय, स्थानीय गुठी, क्लव, गैर नाफामूलक संस्था, उत्पादन एवम् सेवामूलक संघसंस्था, उपभोक्ता समुहहरु समेत सहकारी संस्थाको सदस्य बन्न सक्नेछन ।

(३) कुनै व्यक्ति एक स्थानीय तहको एकै प्रकृतिको एक भन्दा बढी संस्थाको सदस्य हुन पाउने छैन ।

(४) निरीक्षण तथा अनुगमनकर्ताले उपदफा (१), (२) र (३) मा उल्लेखित सदस्यता सम्वन्धि विवरणको साथै संघसंस्थाको विनियममा उल्लेखित सदस्यताका शर्त तथा योग्यता र सदस्यको काम, कर्तब्य र अधिकार बमोजिम भए नभएको समेत हेर्नु पर्दछ ।

**२५ संघको सदस्यता:** संघको सदस्यता सम्वन्धमा निरीक्षण तथा अनुगमनकर्ताले देहाय बमोजिम भए नभएको हेर्नु पर्दछ:

(१) जिल्ला विषयगत सहकारी संघमा जिल्ला भित्रका विषयगत संस्थाहरु सदस्य बन्न सक्नेछन ।

(२) जिल्ला सहकारी संघमा जिल्ला भित्रका संस्था र जिल्ला विषयगत संघहरु सदस्य बन्न सक्नेछन ।

(३) प्रदेश विषयगत सहकारी संघमा प्रदेश भित्रका विषयगत संस्था र जिल्ला तहका विषयगत संघहरु सदस्य बन्न सक्नेछन ।

(४) प्रदेश सहकारी संघमा प्रदेश भित्रका संस्था, जिल्ला विषयगत संघ, जिल्ला सहकारी संघ, र प्रदेश विषयगत सहकारी संघ सदस्य बन्न सक्नेछन ।

(५) केन्द्रिय विषयगत सहकारी संघमा विषयगत संस्था, जिल्ला विषयगत सघ र प्रदेश विषयगत संघ सदस्य बन्न सक्नेछन ।

(६) राष्ट्रिय सहकारी महासंघमा जिल्ला विषयगत संघ, जिल्ला सहकारी संघ, प्रदेश विषयगत संघ, प्रदेश सहकारी संघ र केन्द्रीय विषयगत सहकारी संघ सदस्य बन्न सक्नेछन ।

**२६. भौगोलिक कार्यक्षेत्र:** सस्थाको कार्यक्षेत्रको सम्वन्धमा निरीक्षण तथा अनुगमन गर्दा देहाय बमोजिम भए नभएको हेर्नु पर्दछ:

(१) फराकिलो कार्यक्षेत्र चाहिने उत्पादनमूलक सहकारी संस्थाको भौगोलिक कार्यक्षेत्र महानगरपालिका र उपमहानगरपालिकाको हकमा एक बडा र नगरपालिका तथा गांउपालिकाको हकमा एउटा स्थानीय तहसम्म कायम हुनेछ ।

(२) ब्यवसायिक आवश्यकताको आधारमा सहकारी संस्थाको कार्यक्षेत्र विस्तार गर्न र घटाउन सकिनेछ ।

**२७. संघसंस्थाको कार्यप्रकृति र बर्गीकरणः** सहकारी नियमावलीको नियम ११ वा प्रदेश वा स्थानीय तहवाट जारी सहकारी नियमावली अनुसार विषय एवम् कार्यप्रकृतिको आधारमा सहकारी संघसंस्थाको बर्गीकरण देहाय बमोजिम भए नभएको हेर्नु पर्दछः

(क) **उत्पादक संघसंस्थाः** कृषि, दुग्ध, चिया, कफि, उखु, जुनार, सुपारी, जडिबुटी, बीउविजन, मौरीपालन, माछापालन, पशुपन्छीपालन, फलफूल तथा तरकारी समेतका संघसंस्था ।

(ख) **उपभोक्ता संघसंस्थाः** उपभोक्ता भण्डार, विद्युत, संचार र स्वास्थ्य समेतका संघसंस्था

(ग) **वित्तीय संघसंस्थाः** बचत तथा ऋणको कारोवार गर्ने संघसंस्था

(घ) **श्रमिक संघसंस्थाः** हस्तकला, खाद्य उत्पादन, गैरखाद्य औधोगिक उत्पादन, भोजनालय, पर्यटन मजदुर, श्रम करार समेतका संघसंस्था ।

(ङ) **बहुउद्धेश्यीय संघसंस्थाः** उत्पादन, उपभोग, वित्तीय र श्रम सीपमा आधारित संघसंस्था ।

**२८. साधारणसभा सम्वन्धी ब्यवस्थाः** सस्थाको साधारण सभाको ब्यवस्था सम्वन्धमा निरीक्षण तथा अनुगमन गर्दा देहाय बमोजिम भए नभएको हेर्नु पर्दछः

(१) साधारण सभा संघसंस्थाको सर्वोच्च अंग हो । यसवाट विधायीका, न्यायिक र कार्यकारी अधिकार निहित हुनेछन । संघसंस्थाका सवै सदस्यहरु साधारणसभाका सभासद हुन्छन ।

(२) समितिले संघसंस्था दर्ता भएको ३ महिनाभित्र प्रारम्भिक साधारण सभा बोलाउनु पर्नेछ ।

(३) समितिले आर्थिक बर्ष समाप्त भएको ६ महिनाभित्र बार्षिक साधारणसभा बोलाउनु पर्नेछ ।

(४) समितिले लेखा तथा सुपरीवेक्षण समितिको सिफरिस भएकोमा वा कुनै संचालकको विशेष साधारण सभा सम्वन्धी प्रस्ताव समितिले स्वीकार गरेमा वा समितिवाट विशेष साधारण सभाको निर्णय भएमा वा कारण सहित १५ प्रतिशत सदस्यले साधारण सभाको माग गरेकोमा वा रजिष्ट्रार वा निजको अधिकार प्राप्त अधिकारीले निर्देशन वा आदेश गरेमा विशेष साधारणसभा बोलाउनु पर्नेछ ।

(५) साधारणसभाको गणपुरक संख्या तत्काल कायम सदस्य संख्याको ५१ प्रतिशत हुनेछ ।

(६) दुई हजार भन्दा बढी सदस्य भएको संस्थाले प्रतिनिधिमूलक साधारणसभा गर्न सक्नेछ ।

**२९. संचालक समितिको ब्यवस्थाः** सस्थाको संचालक समिति ब्यवस्था सम्वन्धमा निरीक्षण तथा अनुगमन गर्दा देहाय बमोजिम भए नभएको हेर्नु पर्दछः

(१) संचालक समिति एउटा कार्यकारी अंग हो । यो समिति साधारणसभावाट निर्वाचित हुनुपर्नेछ ।

(२) संचालक समितिमा उपलब्ध भएसम्म ३३ प्रतिशत महिला सदस्य हुनुपर्दछ ।

(३) एउटै परिवारको एक भन्दा बढी ब्यक्ति एकै अवधिमा संचालक तथा लेखा सुपरीवेक्षण समितिमा उमेद्वार बन्न र निर्वाचित हुन सक्दैन ।

(४) कुनै ब्यक्ति एकै समयमा एक मात्र संस्थाको संचालक बन्न सक्दछ ।

(५) बार्षिक दुई करोड भन्दा बढीको कारोवार गर्ने संस्थामा एउटै ब्यक्ति संचालक र कर्मचारी बन्न सक्दैन ।

(६) सहकारी संघसंस्थाको संचालक समितिको कार्यकाल ४ बर्षको हुनेछ । समितिले आफ्नो कार्यकाल समाप्त हुनु अघि साधारण सभाको बैठकवाट नयां समितिको निर्वाचन गराउनु पर्नेछ ।

(७) सार्वजनिक पदमा बाहाल रहेको पदाधिकारी र नेपाल सरकारको कर्मचारी (संघ, प्रदेश र स्थानीय तह) समितिमा बस्न सक्दैन ।

(८) समितिको बैठक विनियममा तोकेको समय सीमाभित्र बस्नुपर्नेछ ।

**३० . लेखा तथा सुपरीवेक्षण समितिको ब्यवस्थाः** संस्थाको लेखा तथा सुपरीवेक्षण समितिको ब्यवस्था सम्वन्धमा निरीक्षण तथा अनुगमन गर्दा देहाय बमोजिम भए नभएको हेर्नु पर्दछः

(१) संघसंस्थाको आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गर्न एक जना संयोजक र दुई जना सदस्य रहने गरी साधारण सभावाट लेखा तथा सुपरीवेक्षण समिति गठन गर्नेछ ।

(२) एउटै परिवारको एक भन्दा बढी ब्यक्ति एकै अवधिमा संचालक र लेखा तथा सुपरीवेक्षण समितिमा उम्मेद्वार बन्न र निर्वाचित हुन सक्दैन ।

(३) लेखा तथा सुपरीवेक्षण समितिले संचालक समितिवाट भए गरेका यावत काम र निर्णयहरु चेकजाँच गर्न सक्दछ ।

(४) लेखा तथा सुपरीवेक्षण समितिले आफूले गरेको कामको चौमासिक प्रतिवेदन संचालक समितिमा र बार्षिक प्रतिवेदन साधारणसभामा पेश गर्नुपर्दछ ।

(५) सार्वजनिक पदमा वहाल रहेको पदाधिकारी र नेपाल सरकारको कर्मचारी (संघ, प्रदेश र स्थानीय तह) लेखा तथा सुपरीवेक्षण समितिमा बस्न सक्दैन ।

## परिच्छेद – ९

## संघसंस्थाको कारोवार

**३१. मुख्य तथा सहायक कारोवारः** सहकारी संघसंस्थाको निरीक्षण तथा अनुगमन गर्दा मुख्य तथा सहायक कारोवारको सन्दर्भमा देहाय बमोजिम भए नभएको हेर्नुपर्दछः

(१) संघसंस्थाको नाम र विनियममा उल्लेखित उद्धेश्य तथा कामको आधारमा मुख्य कारोवार पहिचान गर्न सकिन्छ । मुख्य कारोवारको लागि सहकारी संस्थाले आफ्नो कुल कारोवार मध्ये ३० प्रतिशत भन्दा बढी काम गरेको हुनुपर्दछ ।

(२) सहायक कामको रुपमा जुनसुकै सहकारी संघसंस्थाले पनि बचत तथा ऋणको काम गर्न सक्दछ । तर सहायक काम कुल कारोवारको ३० प्रतिशत भन्दा बढी हुनु हुदैन ।

(३) विषयगत सहकारी संघले सदस्यको स्थानीय उत्पादनको मूल्यश्रृखला विकाससँग सम्वन्धित अन्तर सहकारी कारोवारलाई बढवा दिने गरी समयोजन गर्न सक्नेछ ।

(४) अन्तरसहकारी कारोवारमा संलग्न संस्थाहरुले आफ्ना सदस्यहरुवाट उत्पादित उपज/बस्तु कुनै एक अग्रणी संस्थामार्फत संकलन, प्रशोधन र बजारीकरणका काम गर्ने गरी एकिकृत योजना संचालन गर्न सक्नेछन ।

## परिच्छेद – १०

## निरीक्षण तथा अनुगमन प्रतिवेदन र कारवाही

**३२. प्रारम्भिक टिपोट :** निरीक्षण अनुगमनमा खटिने पदाधिकारी वा टोलीले अनुसूची (२) को ढांचामा सहकारी संस्थाको निरीक्षण अनुगमनको क्रममा पाईएका राम्रा सकारात्मक कुरा र कैफियतको साथै संस्थागत प्रतिक्रिया र बैठकको विशेष निर्णय टिपोट गर्नुपर्दछ ।

**३३. प्रतिवेदन दिनुपर्ने:** (१) सहकारी निरीक्षक वा अनुगमनकर्ता वा निरीक्षण अनुगमन टोलीले संस्थाको कामकारवाहीको निरीक्षण तथा अनुगमन गरी सात दिन भित्र अनुसूची (३) को ढांचामा प्रतिवेदन तयार गरी नियामक निकायमा सिफारिश सहितको प्रतिवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश गरिने प्रतिवेदनमा देहायका विवरण समावेश गर्नु पर्नेछः

(क) निरीक्षण तथा अनुगमन गरिएका संघसंस्थाहरुको विवरण ।

(ख) संघसंस्थामा सहकारी ऐन, नियम र विनियमको पालनाको अवस्था ।

(ग) सदस्यहरुले प्राप्त गरेको सेवा सुविधाको अवस्था ।

(घ) सदस्यहरुको सहभागिताको स्तर ।

(ङ) संघसंस्थाको आर्थिक र वित्तीय अवस्था तथा कोषको परिचालन ।

(च) नेपाल सरकारवाट तोकिए बमोजिमका अन्य व्यवस्था ।

(३) निरीक्षण तथा अनुगमनको क्रममा संस्थाको काम कारवाही अस्वभाविक कैफियत भेटिएमा सघन अनुगमनको लागि सिफारिश गर्नु पर्नेछ ।

**३४. कागजात संलग्न राख्नुपर्ने:** निरीक्षण तथा अनुगमनकर्ता वा टोलीले संस्थाको निरीक्षण अनुगमन गरी पेश गरेको प्रतिवेदन साथ जाँचसूची, चेकजाँचको टिपोट र अन्य आवश्यक सम्पुष्टिजनक कागजातको प्रति संलग्न राख्नुपर्नेछ ।

**३५. प्रतिवेदनको अध्ययनः** नियामक निकायको प्रमुखले निरीक्षण अनुगमन प्रतिवेदन कार्यान्वयन गर्ने प्रयोजनको लागि प्रतिवेदनमा औंल्याईएका कैफियत, प्रतिक्रिया र सिफारिशहरुको अध्ययन विश्लेषण गर्नु गराउनु पर्नेछ ।

**३६. छलफलमा बोलाउनेः** (१) नियामक निकायका प्रमुखले निरीक्षण अनुगमन प्रतिवेदनको विषयबस्तुमा छलफल गर्न प्रतिवेदन प्राप्त भएको मितिले २१ दिन भित्र सम्वन्धित सहकारी संस्थाको संचालक समिति र लेखा सुपरीवेक्षण समितिका पदाधिकारीको साथै ब्यवस्थापक समेतका जिम्मेवार पदाधिकारीहरु बोलाउनु पर्नेछ ।

(२) छलफलको लागि बोलाईएको बैठकको अध्यक्षता नियामक निकायको प्रमुख वा निजले तोकेको अधिकृतले गर्नेछ । जसमा निरीक्षण अनुगमनमा खटिने कर्मचारीहरुको उपस्थिति अनिवार्य हुनेछ ।

**३७. निर्देशन दिन सक्नेः** (१) नियामक निकायले सहकारी ऐनको दफा ९५(५) वा प्रदेश वा स्थानीय सहकारी कानूनमा भएको ब्यवस्था बमोजिम प्रतिवेदनका आधारमा सम्वन्धित संस्थालाई सुझाव सहित आवश्यक निर्देशन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सुझाव वा निर्देशन पालना गर्नु सम्वन्धित संघसंस्थाको कर्तब्य हुनेछ ।

**३८. निर्देशन कार्यान्वयनको लागि कार्ययोजना पेश गर्नुपर्नेः:** (१) सहकारी संघसंस्थाले नियामक निकायवाट प्राप्त निर्देशनको प्रभावकारी कार्यान्वयनको लागि कार्ययोजना पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश कार्ययोजनाको कार्यान्वयनको प्रगति प्रत्येक चार महिनामा नियामक निकायमा दिनुपर्नेछ ।

## परिच्छेद – ११

## विविध

**३९. निरीक्षण/अनुगमन टोलीको सुविधाः** निरीक्षणकर्ता वा अनुगमनकर्ता वा टोली सदस्यहरुले दैनिक भ्रमण भत्ता पाउने कार्यस्थलमा काम गर्दा नियमानुसार दैनिक भ्रमण भत्ता पाउनेछन भने नपाउने कार्यस्थलमा काम गर्दाको दिनको प्रति ब्यक्ति प्रति दिन स्थानीय नगरपालिकाले तोकेको दरमा यातायात खर्च र खाजा खर्च बापतको सुविधा प्राप्त गर्नेछन ।

**४०. बाधा अडकाउ फुकाउन सक्नेः** यो कार्यविधि कार्यान्वयनको सिलशिलामा कुनै बाधा अडकाउ परेमा नियामक निकायको प्रमुखले फुकाउन सक्नेछ ।

**४१ कार्यविधि ब्याख्या गर्ने अधिकारः** यो कार्यविधि ब्याख्या गर्ने अधिकार नियामक निकायको प्रमुखलाई हुनेछ ।

**४२. कार्यविधि संसोधन र परिमार्जनः** (१) यो कार्यविधि संसोधन वा परिमार्जन गर्ने अधिकार स्थानीय नगरपालिकाको कार्यकारी समितिलाई हुनेछ ।

अनुसूची: १

दफा ४(२) सँग सम्बन्धित

..............................सहकारी संस्था/संघ लि.को अनुगमन फाराम

१) सहकारी संस्थाको नाम र ठेगाना :-

२) दर्ता नं :- मिति :- दर्ता भएको कार्यालय :-

३) ठेगाना :-

४) शेयर पूँजी :- प्रति शेयर रु :- )

५) कार्यक्षेत्र :-

६) संचालक समितिको सदस्य संख्या :- (महिला - पुरुषः- ) (बैठक भत्ता :-रु. )

७) कर्मचारी संख्या :- (बजार प्रतिनिधि :- ) नियुक्ति दिए/नदिएको :-

८) सफ्टवेयर :-

९) शेयर सदस्य संख्या :-

| | | | |
|---|---|---|---|
| जम्मा :- | पुरुष :- | महिला :- | संस्थागत :- |

१०) बचतकर्ताहरुको संख्या

| | | | |
|---|---|---|---|
| जम्मा :- | पुरुष :- | महिला :- | संस्थागत :- |

११) ऋणीहरुको संख्या

| | | | |
|---|---|---|---|
| जम्मा :- | पुरुष :- | महिला :- | संस्थागत :- |

१२) पछिल्लो साधारण सभा भएको मिति :-

कुल सदस्य संख्या :- उपस्थित सदस्य संख्या :-

✍पछिल्लो संचालक र लेखा समिति निर्बाचन मिति :-

१३) संस्थाले तयार पारेको कार्य संचालन नियमाबली, नीति र कार्यबिधिहरुको विरण :-

१) ३)

२) ४)

१४) संस्थाले गठन गरेको उप समितिहरु :-

१) ३)

२) ४)

१५) तोकेको समय सीमाभित्र बार्षिक साधारण सभा सम्पन्न गर्ने गरे/नगरेको ............

१६) संस्थाले ऋणमा लिने न्यूनतम ब्याजदर ........ अधिकतम ब्याजदर ....:

संस्थाले बचतमा दिने न्यूनतम ब्याजदर .......... अधिकतम ब्याजदर...... :

१७) संचालक समितिको बैठक बिनियमले तोकेको अबधिभित्र बस्ने गरे/नगरेको............

१८) संस्थाले संचालन गरिरहेको कारोवारहरुको विवरणः-(क) पशुपालन (दुग्ध), (ख) पशुपालन ( मासु), (ग) पन्छीपालन , (घ) घाँस, दाना तथ औषधी उत्पादन, (ङ) नश्ल सुधारको काम (च) बचत तथा ऋण (छ) अन्य ......................................

१९) संस्थाले सम्वन्धित कार्यालयमा पठाउने गरेको प्रतिवेदन तथा कागजातहरुको विवरण :-

१) ३)

२) ४)

२०) खुद बचत/नाफाको कम्तिमा २५ प्रतिशत जगेडा कोषमा जम्मा गरे/नगरेको

२१) खुद बचत/नाफाको कम्तिमा २५ प्रतिशत जगेडा कोषमा जम्मा गरी बाँकी रहेको रकमलाई सतप्रतिशत मानी त्यसको २५ प्रतिशत संरक्षण पूँजी फिर्ता कोष र ०.५ प्रतिशत प्रवर्द्धन कोषमा जम्मा गरे/नगरेको

२२) शेयर पुँजीको १८ प्रतिशत भन्दा बढि लाभांस वितरण गरे/नगरेको

२३) एउटै लेखापरीक्षक लगातार ३ पटक भन्दा बढी नियुक्ति भएको छ/छैन ?

२४) संस्थाको कुल शेयरपूँजी को २० प्रतिशत भन्दा वढी एउटै ब्यक्ति वा निकाय विशेष (सरकारी समेत)लाई शेयर बिक्री भएको छ/छैन

२५)  संस्थाले ऋणमा ब्याज बाहेक लिने ब्यवस्थापन र अन्य सेवाशुल्क रकम लिए/नलिएको

२६)  संस्थाको बचत र ऋणबीचको ब्याजदर अन्तर (**Spread Rate**) :-

२७)  ऋण तथा सापटमा पाकेको व्याज, नगद प्राप्ति Cash Basis को आधारमा आम्दानी जनाएको र बचतमा प्रदान गर्ने व्याज Accrual Basis मा लेखांकन गरेको छ/छैन ?

२८)  संस्थाको कूल पूँजी कोषको १०% भन्दा बढी एक व्यक्तिलाई ऋण लगानी भएको छ/छैन

२९)  संस्थाले सदस्यहरुको पशुपन्छी सुरक्षणको लागि बीमा गरे/नगरेको

३०)  सदस्यहरुलाई कारोवारी, साधारण र संस्थापक भनि बिभेद गर/नगरेको

३१)  साधारण सभा सम्पन्न भएको १५दिन भित्र लेखापरीक्षण प्रतिबेदन, अध्यक्षले प्रमाणित गरेको साधारण सभाका निर्णयको प्रतिलिपि, सदस्यहरुको उपस्थिति विबरण सम्वन्धित कार्यालयमा पेश गरे/नगरेको

३२)  सहकारी ऐन र संघसंस्थाको विनियम बमाजिम कोषहरुमा रकम वाँडफाँड गरेको छ/छैन

३३)  संचालकहरुले संस्थाबाट उपभोग गरिरहेको बित्तीय तथा अन्य सुबिधाहरु :..............

३४)  पछिल्लो आन्तरिक र बाह्य लेखापरीक्षकहरुका मूल कैफियतहरु :-

३५)  ऋण तथा बचतको ब्याजदर परिबर्तन भएको सूचना सदस्यहरुलाई दिने माध्यम/तरिका

३६)  संस्थाको प्रचलित बिनियम बमोजिम संचालक समितिको बैठक बस्ने गरे/नगरेको

३७)  संस्थाले जगेडा कोष बाहेकका कोषहरु तिनको उद्देश्य अनुसार उपयोग गर्ने गर/नगरेको

३८)  गैरनेपाली/कार्यक्षेत्र बाहिरका ब्यक्तिहरु/गैरसदस्यहरुसँग कारोबार गरे/नगरेको

३९)  सदस्य, संचालक र लेखा समिति पदाधिकारीहरुले संस्थामा नियमित बचत गर्ने गरे/नगरेको

४०)  संस्थामा सदस्यहरुले देख्ने गरि सदस्य बडापत्र र सुचनापाटी राखे/नराखेको

४१)  संस्थाले रणनैतिक योजना, बार्षिक कार्यक्रम तथा बजेट तयार पारे/नपारेको

४२)	शेयर सदस्यताको निर्णय कसले गर्ने गरेको, कागजात केके संलग्न गर्ने गरेको

४३)	संस्थाको बचत तथा ऋणको ब्याजदर निर्णय संचालक समितिबाट गर्ने गरे/नगरेको

४४)	लेखापरीक्षकको पारीश्रमिकको निर्णय साधारण सभाबाट गर्ने गरे/नगरेको

४५)	संस्थाका सबै कारोबारको विबरणको जिन्सी तथा यान्त्रिक संरक्षण **(Back-Up)** राखे/नराखेको

४६)	संस्थाका संचालकहरु समानान्तर सहकारी संस्थाको संचालक पदमा बहाल भएको छ, छैन र समानान्तर सहकारी संस्थासँग शेयर, बचत र ऋण कारोवार गरेको र भए त्यसको विबरण :

४७)	संघसंस्थाको चल अचल सम्पत्ति र अचल सम्पत्तिको परिचालनको अवस्था

४८)	संघसंस्थामा कुल बेरुजुको मात्रा र बेरुजुको प्रकृति

निरीक्षण गर्ने ब्यक्ति/टोलीको

| नाम | पद |
|---|---|
| | |
| | |

मिति :

# अनुसूची २

## निरीक्षण तथा अनुगमनको प्रारम्भिक टिपोटको ढांचा

सहकारी संस्थाको नाम तथा ठेगानाः

प्रतिक्रिया बैठकको मितिः..................................... स्थानः.............................................

संस्थातर्फवाट उपस्थितिः ........जना (कर्मचारी/संचालक/लेखा समितिकापदाधिकारी/उपसमिति/अन्य)

| क.सं. | जाँचसूची विवरण | निरीक्षक/निरीक्षण टोलीको तर्फवाट | | कैफियतमा संस्थागत प्रतिक्रिया | बैठकको निचोड |
|---|---|---|---|---|---|
| | | राम्रो कामको ब्यहोरा | कैफियतको ब्यहोरा | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

निरीक्षक/टोलीको तर्फवाट हस्ताक्षर गर्नेः

१.

२

३.

सहकारी संस्थाको तर्फवाट हस्ताक्षर गर्नेः

१.

२

३.

## अनुसूची ३

## निरीक्षण तथा अनुगमन प्रतिवेदनको ढांचा

| क.सं. | अनुगमन गरिएका संघसंस्था विवरण | ऐन, नियम र विनियम पालना | सदस्यले प्राप्त गरेको सेवासुविधा | सदस्य सहभागिता | कोष परिचालन र वित्तीय अवस्था | सुझाव र सिफारिश |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |